मैत्रीपूर्ण ब्याडमिन्टन प्रतियोगिताको उपाधी नबिन र बिमलको टिमलाई । पृष्ठ ५ मा




# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७५५३३००
इमेल:
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१७, अंक-३९ ● २०८२ वैशाख ०१ गते सोमबार, ● 14 April, 2025, ● नेपाल सम्वत्-११४५, ● पृष्ठ-६, ● मूल्य रु. १०/-


# घरैपिच्छे धारा आए, घैटोका दिन गए !

विकास संवाददाता
थाहानगर

मकवानपुरको थाहा नगरपालिका वडा नम्बर ८ दामगाडेमा खानेपानी परियोजनाको उद्घाटन गरिएको छ । खानेपानीको चरम अभावमा रहेका १ सय ५१ परिवारका लागि निर्माण गरिएको दामगाडे खानेपानी तथा सरसफाई परियोजनाको २७ चैतमा उद्घाटन गरिएको हो । परियोजनाको थाहा नगरपालिका नगर कार्यपालिकाका प्रमुख विष्णु बहादुर विष्टले उद्घाटन गरेका हुन् ।

विद्युतमा आधारित लिफ्टिङ खानेपानी आयोजनाबाट कैलाश गाउँपालिकाका १२ परिवारलाई समेत खानेपानी वितरण गरिएको छ । कुल १ करोड ७५ लाख ५३ हजार १ सय ३६ रूपैयाको लागतमा खानेपानी परियोजनाको निर्माण भएको हो । गैरसरकारी संस्था च्वाइस नेपालको सहयोगमा निर्माण भएको उक्त योजनाका लागि रोटरी तथा च्वाइस नेपालबाट ७२ लाख ५ हजार ८ सय ८६ रूपैया, बागमती प्रदेश सरकारको ६५ लाख, थाहा नगरपालिकाको १५ लाख तथा स्थानीय उपभोक्ताको १९ लाख ७० हजार ५ सय ५० रूपैयाको लागत सहभागितामा परियोजना निर्माण गरिएको हो ।

उद्घाटन कार्यक्रममा थाहा नगरपालिकाका प्रमुख विष्णु बहादुर विष्टले अति आवश्यक ठाउँ पहिचान भएको गाउँमा खानेपानी योजना निर्माणका लागि साँझेदारी गरेकोमा च्वाइस नेपाल तथा रोटरी क्लब अफ काठमाण्डौंप्रति आभार व्यक्त गरे । विष्टले दशाकौंदेखिको दामगाडे गाउँको खानेपानी अभाव थाहा पाएको भए पनि बजेट कम भई सम्पन्न गर्न नसकेकोमा साँझेदारी संस्था र उपभोक्ताको उत्सहबाट एक घर, एक धारु निर्माणमा सफलता मिलेको उल्लेख

बाँकी पेज ५ मा

## थाहानगरको दामगाडेमा खानेपानी योजना उद्घाटन



## पानी पाएपछि गाउँमा खुशीयाली

वर्षायाममा परेको छानाको पानी घैंटोमा भरी तिर्खा मेट्नुपर्ने बाध्यताबाट छुटकारा पाउँदा ७० वर्षीया माइलीमाया थिङ दङ्ग परेकी छन् । वर्षायाममा भरेर राखेको घैंटोको पानी सकिएपछि दुई घन्टा हिँडेर गैरीगाउँको कुवाबाट पानी बोकेर ल्याउनुपर्ने बाध्यताबाट पनि उनले २७ चैतदेखि मुक्ति पाएकी छन् ।

गैरीगाउँ खोलाको पानी लिफिटिङ गरेर दामगाडेको ट्यांकीमा पानी ल्याइएको छ । त्यही पानी थाहा नगरपालिका नगर प्रमुख विष्णु बहादुर विष्टले एक समारोहबीच खोलेर दामगाडे र गैरीगाउँका घर/घरको धारामा पानी झारेका थिए । घरको आँगनमा जडान गरिएको धाराबाट पानी झर्दा माइलीमाया थिङको खुशीको सीमा नै रहेन ।

'गाउँमा पानीको दुःखले कति घर बसाईं पनि सरे, आफू गाउँको मायाले बसाईं सर्न सकिएन,' गैरीगाउँकी ७१ वर्षीया सुकुमाया भोम्जनले भनिन्, 'अब पानीका लागि दुःख गर्न परेन, हामी अत्यन्त खुशी भएका छौं, यहाँ पानीकै दुःख थियो ।' थाहा नगरपालिका-८ दामगाडे र गैरी गाउँमा पिउने पानी उपलब्ध गराउनका लागि २०७८ सालदेखि दामगाडे खानीपानी आयोजना सुरू गरिएको थियो । योजना अनुसार रकम उपलब्ध नभएकाले साढे तीन वर्षपछि खानेपानी योजना सम्पन्न भएको वडाध्यक्ष हेमकुमार थिङले बताए । गैरीगाउँको खोलाबाट तीन स्थानमा लिफ्टिङ गरेर ल्याएको पानी २७ चैतसम्म एक सय ५१ वटा धारामा पानी वितरण गरिएको छ ।

पानीको अभावले गर्दा उक्त क्षेत्रका बासिन्दाहरू तरकारी खेती गर्नबाट पनि बञ्चित थिए । वर्षायाममा छानाबाट झरेको पानी ५ हजार लिटरको सिमेन्टीको घैंटोमा भरेर पानीको जोहो गर्दै आएका थिए भने त्यो पानी सकिएपछि दुई घन्टा हिँडेर गैरीगाउँको कुवाबाट पानी ल्याउने गरेका थिए ।

## तारेभिरमा गुरु रिन्पोछेको चित्रण शुभारम्भ

◆ विकास संवाददाता

मकवानपुरको भीमफेदी गाउँपालिकाको वडा नम्बर ९ तारेभिरमा गुरू रिन्पोछेको १०८ वर्ग फिटको चित्र कुँद्ने कार्य शुभारम्भ भएको छ । २५ चैतमा एक कार्यक्रमको आयोजना गरी बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले कार्य शुभारम्भ गरेका हुन् ।

बौद्ध परम्परा अनुसारको विधि पुऱ्याइ चित्र कुद्ने कार्य शुरू गरिएको हो । कार्यक्रममा मुख्यमन्त्री लामाले गुरू रिन्पोछेको चित्र कुँदने कार्य सम्पन्न भएपछी यस क्षेत्रमा धार्मिण्क सहिष्णुताको साथै पर्यटन विकासमा योगदान पुग्ने बताए । मकवानपुर जिल्ला नै पर्यटकीय क्षेत्र भएकोले यहाँ बोद्ध धर्मावलम्वीहरूको आस्थाको केन्द्र समेत बन्ने लामाको धारणा थियो । मुख्यमन्त्र लामाले तारेभिर क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि आवश्यक पुर्वाधार निर्माण गर्न बजेटको व्यवस्थ ागर्ने प्रतिवद्धता जनाएका छन् । कार्यक्रममा जिल्ला समन्वय समिती मकवानपुरको प्रमुख ललित घलान, भीमफेदी गाउँपालिकाको अध्यक्ष हिदम लामाले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपाली, इलाका प्रहरी कार्यालय पालुङका प्रमुख सविन बाबु अर्याललगायत बौद्ध गुरूहरूको उपस्थिति रहेको थियो। जिल्लाको थाहा नगरपालिका र भीमफेदी गाउँपालिकाको सीमाको उक्त तारेभीर नजिकैको ऋषेश्वर परिसरमा रिन्पोछे लगायतका बौद्ध गुरूहरूले तपस्या गरेको बौद्ध अभिलेख छ ।

बोधिचार्य फाउन्डेसनको पहलमा निर्माण हुन लागेको उक्त विशाद चित्र कोर्ने कायृमा स्थानीयहरूले श्रमदान पनि गरिरहेका छन् ।







विकास खबरपत्रिका साप्ताहिक
२०८२ वैशाख ०१ गते सोमबार, 14 April, 2025, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

www.bikaskhabar.com
bikaskhabar@gmail.com


# सम्पादकीय

## नयाँ वर्ष २०८२ को शुभकामना

आजदेखि नयाँ वर्ष २०८२ आरम्भ भएको छ । विक्रम सम्वत अनुसार हरेक नयाँ वर्ष वैशाख महिनाको १ गते अर्थात् आजकै दिनबाट सुरु हुन्छ । हाम्रो मुलुकले लामो समयदेखि विक्रम संवतलाई सरकारको कामकाज तथा अभिलेखका रूपमा प्रयोग गर्दै आएको छ । जनस्तरमा पनि अधिकांश क्रियाकालप विक्रम संवत्लाई आधार बनाएर गरिँदै आएको छ । प्राचीनकालमा राजा विक्रमादित्यले सुरुआत गरेको यो सम्वत् नेपालको औपचारिक, आधिकारिक सम्वत् पनि हो, जसको औपचारिक आत्मसात नेपालले श्री ३ चन्द्र शमशेरको पालादेखि गरेको हो । विक्रम सम्वत् सूर्यस“ग सम्बन्धित भएकाले महिनाहरू पनि ग्रह नक्षत्रका नामसँग सम्बन्धित छन् । नेपालको सम्वत् प्रणाली सूर्य पात्रोसँग सम्बन्धित छ । जब पृथ्वीले सूर्यको एक परिक्रमा पूरा गर्छ, त्यतिबेला चैत्र शुक्ल प्रतिपदा हुन्छ र सूर्य मीन राशीबाट पुनः मेष राशीमा प्रवेश गर्ने गर्छ । यही बेला नयाँ वर्षको सुरुआत हुन्छ, जसलाई सूर्यको शून्य अंश पनि भनिन्छ । धार्मिक तथा संस्कृत क्रियाकलापका दृष्टिले नेपालका विभिन्न जात, जाति तथा समुदायका आआफ्ना संवतहरू छन् । मौलिक संवतका रूपमा हाम्रो मुलुकको आफ्नै संवत् पनि छ, जसलाई नेपाल संवत् भनिन्छ । अधिकांश नेपालीहरूले नेपाल संवतअनुसार आफ्नो धार्मिक तथा संस्कारगत क्रियाकलाप गर्छन् । यति हुँदाहुँदै पनि विक्रम संवतलाई सबै नेपालीहरूले आत्मसात गरेका छन् । हाम्रा केही चाडपर्वहरू त विक्रम संवतअनुसार समेत छन् । उदाहरणका लागि साउने संक्रान्ती, माघे सक्रान्तीलाई धेरै नेपालीहरूले चाडका रूपमा मनाउँछन् । वैशाख १ गते नयाँ वर्षका अलवा तराईको मधेसी समुदायमा सिरुवा वा जुटशीतल पर्वका रूपमा पनि मनाउने गर्छन् ।

समयको अभिलेख राख्नका लागि संवतको प्रयोग गरिएको हुन्छ । पृथ्वीले सूर्यको एकपल्ट परिक्रमा गर्न लाग्ने समयलाई वर्ष वा सालको रूपमा मापन गर्ने गरिएको छ । सूर्यको परिक्रमा गर्ने क्रममा पृथ्वीको गतिसगै हावापानी र प्राकृतिक क्रियाकलापमा पनि परिवर्तन हुँदै जान्छ । यही आधारमा निश्चित भूगोलमा निश्चित समयदेखि नयाँ वर्षको थालनी गर्ने प्रचलन छ । नेपालको सन्दर्भमा हेर्ने हो भने विक्रम संवत् प्राकृतिक संगत पनि छ । बोट विरुवाहरूमा पुरानो पात झरेर नयाँ पात पलाउने, जंगली चराचुरुंगीहरूले गुँड बनाएर बचेरा हुर्काउने, जमिन बिस्तारै तात्न थाल्ने । खेतीपातीको समय सुरु हुने, हिमाली क्षेत्रका बासिन्दा आफ्नै थातथलोमा फर्किसक्ने बेला भनेकै वैशाख हो । यसैगरी विक्रम संवत् वैदिक सनातन धर्म संस्कृतिसँग पनि जोडिएको छ । वैदिक सनातन धर्म संस्कृति अवलम्वन गर्ने राष्ट्रहरू विश्वमा धेरै छन्, तर विक्रम संवत्लाई राज्यको आधिकारिक संवत् मान्ने मुलुक भने नेपाल मात्रै हो । यसर्थ नेपाल भनेको वैदिक सनातन धर्म संस्कृतिको आधिकारिक धरोहरसमेत हो ।

साल परिवर्तन अनन्तकालीन समय चक्र हो । बितेको साल फेरि फर्कदैन । तर बितेको सालको अनुभवका आधारमा नयाँ सालका लागि योजना तर्जुमा गरिन्छ । यो कुरा हरेक व्यक्ति, परिवार, समाज तथा देशको हकमा लागू हुन्छ । नेपालका सन्दर्भमा भन्नुपर्दा भर्खर बिदा भएको २०८१ साल धेरै नै उतारचढावपूर्ण रह्यो । तसर्थ यो २०८२ साल सबै दृष्टिकोणले थप उपलब्धीमूलक र सफताको वर्ष हुन सफल हवस्, नयाँ वर्ष २०८२ को अवसरमा हार्दिक शुभकामना ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# कस्तो स्कूल राम्रो ?



◆ रजनी खड्का

> बालबालिकाले सहज महसुस गर्ने, अभिव्यक्त हुनसक्ने, गल्तीबाट सिक्ने अवसर पाउने वातावरण हुनुपर्दछ ।

थुप्रै अभिभावकलाई हरेक वर्षको यो बेलामा द्विविधा हुनेगर्छ- आफ्नो बालबच्चालाई कस्तो स्कूलमा भर्ना गरूँ ? आफूले पढाइराखेको ठाउँ कत्तिको उपयुक्त हो ?

खासगरी जब बच्चा पहिलो पटक विद्यालय जान लागेको छ वा विद्यालय परिवर्तन गर्नुपर्ने परिस्थिति आएको छ, त्यतिबेला अभिभावकलाई निर्णय लिन झनै गाह्रो हुन्छ । आजको प्रतिस्पर्धात्मक र प्रविधियुक्त युगमा विद्यालय छनोट गर्दा धेरै कुराहरू विचार गर्नु आवश्यक हुन्छ, जसले दीर्घकालीन रूपमा बालबालिकाको शैक्षिक भविष्य, सामाजिक विकास र मानसिक स्वास्थ्यमा गहिरो प्रभाव पार्छ । उपयुक्त विद्यालय छनोट गरी विद्यालयको जिम्मामा विश्वास गरेर बालबालिकालाई सुम्पनु चानचुने कुरो होइन । त्यसो भए कस्ता विद्यालयमा आफ्ना छोराछोरीलाई पढाउने भन्ने कुरा एउटा साझा चुनौतीको विषयको रूपमा खडा भएको छ ।

हरेक अभिभावकले आफ्नो छोरा छोरीले राम्रो विद्यालयमा पढ्न पाउन्, ठूलो मान्छे बनुन्, सबैले मान्ने हुन् भन्ने अभिलाषा राखेकै हुन्छन् । यस विषयप्रति चासो राख्ने अभिभावकहरूको लागि केही उपयोगी टिप्सः

**१. शैक्षिक गुणस्तर र वातावरण:**
विद्यालयको छनोट गर्दा सबैभन्दा पहिलो कुरा हो- त्यहाँको शैक्षिक गुणस्तर । शिक्षकहरूको योग्यता, शिक्षण विधि, पाठ्यक्रम र नतिजा हेर्नु जरूरी हुन्छ । केवल अंक मात्र होइन, बालबालिकाको सोच्ने तरिका, बुझ्ने क्षमता र व्यावहारिक ज्ञान बढाउने किसिमले शिक्षा दिइन्छ कि दिइँदैन । बालबालिकालाई दीर्घकालीन सिकाइ, सिर्जनशीलता, नेतृत्व क्षमता जस्ता पक्षमा जोड दिइन्छ कि दिइँदैन ?

वास्तविक जीवन भोगाइको ज्ञान, पढाइसँगै व्यवहार उपयोगी ज्ञान, अतिरिक्त त्रियाकलाप आदिलाई प्राथमिकता दिएको छ कि छैन । विद्यार्थीको सर्वाङ्गीण विकासमा जोड दिइएको छ कि छैन भन्ने कुरा विद्यालयको वेबसाइट वा सामाजिक सञ्जाल हेरेर विद्यालयले पढाइमा के–कस्ता विधि अपनाउँछ भनेर बुझ्न सकिन्छ । साथै, पहिले त्यहाँ पढेका विद्यार्थी वा अभिभावकसँगको अनुभव पनि उपयोगी हुन्छ ।

**२. शिक्षकहरुको अनुभव र दक्षता:**
शिक्षक शिक्षाको मूल आधार मात्र नभई बालबालिकाको शैक्षिक जगतको सहजकर्ता हुन् । त्यसैले बालबालिकाको उचित विकास र सकारात्मक परिवर्तनको लागि शिक्षकको भूमिका अतुलनीय छ । एउटा दक्ष शिक्षकमा बालमैत्री व्यवहारमा निपुणता, बुझाउने शैली, प्रेरणादायी व्यक्तित्व तथा विषयमा दक्षता आवश्यक हुन्छ ।

शिक्षक मात्र किताब पढाउने होइन, बालबालिकालाई सही मार्ग देखाउने मार्गदर्शक पनि बन्न सक्ने हुनुपर्छ । त्यसैले आफ्नो छोराछोरीलाई विद्यालय भर्ना गर्नुअघि यसबारे पनि ध्यान पुऱ्याउनु आवश्यक हुन्छ ।

**३. विद्यालयको वातावरण:**
विद्यालय बालबालिकाको दोस्रो घर हो भने शिक्षक/शिक्षिका दोस्रो आमा–बुबा । विद्यालयले बालबालिकालाई सहयोगी, प्रेरणादायी र सुरक्षित वातावरण प्रदान गर्छ कि गर्दैन भन्ने कुरा निकै महत्वपूर्ण हुन्छ ।

बालबालिकाले सहज महसुस गर्ने, अभिव्यक्त हुनसक्ने, गल्तीबाट सिक्ने अवसर पाउने वातावरण हुनुपर्दछ । विद्यालय जाँदा कक्षाकोठा, पुस्तकालय, खेलमैदान, भोजनालय, शौचालय आदिको अवस्थाले धेरै कुरा देखाउँछ । त्यसको उचित अवलोकनको सहायताले मूल्याङ्कन गर्नुपर्छ ।

**४. शैक्षिक संरचना र अतिरिक्त क्रियाकलाप :**
आजको समयमा केवल किताबी ज्ञान मात्र होइन, अतिरिक्त क्रियाकलाप पनि उत्तिकै महत्वपूर्ण छन् । संगीत, नृत्य, चित्रकला, खेलकुद, भाषण, वादविवाद जस्ता क्रियाकलापले बालबालिकाको आत्मविश्वास, सिर्जनशीलता र नेतृत्व विकास गर्न सहयोग गर्छ । विद्यालयले सिकाइलाई पाठ्यपुस्तक र विद्यालयको चौघेरामा सीमित राखेको छ वा बाहिरी वातावरणमा अनुभूति साथ गरेर सिक्ने अवसर दिएको छ ? हरेक विद्यार्थीलाई कम्तीमा एउटा अतिरिक्त क्रियाकलापमा सहभागी हुन प्रेरित गर्छ कि गर्दैन, त्यो बुझ्नुपर्छ ।

**५. शुल्क संरचना :**
अभिभावकको आर्थिक स्थिति अनुसार विद्यालयको शुल्क संरचना मिल्नुपर्छ । धेरै महँगो शुल्क तिरेर पढाउने भनेर सोच्नु भन्दा शिक्षा र मूल्यको सन्तुलन हेर्न जरूरी छ । कतिपय स्कूलहरू शुल्क धेरै लिएर पनि सेवा राम्रो नदिने हुन्छन् भने केही स्कूलहरू सीमित शुल्कमै उत्कृष्ट शिक्षा दिने हुन्छन् । शुल्कसँगै अन्य लुगा, पुस्तक, यातायात, खाना आदि खर्चको पनि पूर्वानुमान गरेर विद्यालयको छनोट गर्नुपर्छ ।

**६. स्थान :**
विद्यालयको स्थान पनि निर्णयमा महत्वपूर्ण हुन्छ । बच्चालाई लामो दूरीको यात्रा दैनिक गराउनु थकाइदायक र असुरक्षित हुन सक्छ । विद्यालयको दूरी अनुसार ट्राफिक अवस्था, यातायातको सुविधा र सुरक्षाको हिसाबले नजिकको राम्रो विद्यालय रोज्न सकिन्छ भने लामो यात्रा गर्ने आवश्यकता पर्दैन ।

**७. विद्यालयको मूल्य र नैतिक शिक्षा :**
विद्यालयले बालबालिकालाई केवल किताबी ज्ञान मात्र होइन, नैतिकता, इमानदारी, सहिष्णुता, सामाजिक उत्तर दायित्व जस्ता जीवनोपयोगी गुण पनि सिकाउँछ कि सिकाउँदैन भन्ने कुरा बुझ्न आवश्यक हुन्छ । विद्यालयले समाजसेवा, पर्यावरण सचेतना, धार्मिक सहिष्णुता जस्ता कार्यक्रमहरू सञ्चालन गर्छ भने त्यो सकारात्मक संकेत हो भनेर थाहा पाउनुपर्छ ।

**८. अभिभावक-विद्यालय सहकार्य:**
विद्यालय र अभिभावक बीच सहकार्य आवश्यक छ । शिक्षक, अभिभावक विद्यार्थीको त्रिकोणात्मक सम्बन्धबाट मात्रै सिकाइ प्रभावकारी रूपमा सुचारू हुन सक्छ । विद्यालयले नियमित रूपमा प्रगति विवरण दिने, अभिभावक बैठक राख्ने, गुनासो वा सुझावको सुनुवाइ गर्ने प्रणाली भएको विद्यालय राम्रो हुन्छ ।

**९. प्रविधिको प्रयोग :**
हालका दिनमा प्रविधिको प्रयोग शिक्षा क्षेत्रमा अनिवार्य जस्तै भएको छ । अनलाइन कक्षा, डिजिटल सामग्री, कम्प्युटर शिक्षा, स्मार्ट बोर्ड आदिको प्रयोग स्कूलले गर्छ कि गर्दैन ? गर्छ भने कुन प्रविधिको प्रयोग कसरी गरेको छ भन्ने कुरा ध्यान दिनुपर्छ । प्रविधि प्रयोगले विद्यार्थीलाई भविष्यको प्रतिस्पर्धी संसारका लागि तयार बनाउँछ । यस्ता विद्यालय अत्यन्त प्रभावकारी हुन्छन् ।

**१०. विद्यालयको दृष्टिकोण :**
विद्यालयको लक्ष्य र दृष्टिकोण दीर्घकालीन सोचमा आधारित हुनुपर्छ । केवल परीक्षा उत्तीर्ण गराउने उद्देश्य नभएर जीवनलाई सफल बनाउने उद्देश्य राख्ने विद्यालय रोज्नु उपयुक्त हुन्छ । विद्यालयको हरेक वर्षको अन्त्यमा सबै व्यक्तित्वजनसँग बसेर के–कस्ता क्रियाकलाप राम्रा भए, के सुधार गर्नुपर्नेछ पुनरावलोकन गर्ने, सकारात्मक पृष्ठपोषण ग्रहण गर्ने विद्यालयको भिजन, स्टेटमेन्ट वा मिसन हेरेर त्यसको उद्देश्य बुझ्न सकिन्छ ।

विद्यालय छनोट गर्नु केवल एक औपचारिक निर्णय होइन, यो बालबालिकाको भविष्य निर्माण गर्ने आधार पनि हो । विद्यालयले बालबालिकामा आत्मविश्वास, सिर्जनशीलता, सकारात्मक सोच, व्यावहारिक क्षमता र सामाजिक चेतना विकास गर्न सक्ने वातावरण दिनुपर्छ ।

अभिभावकले हल्लामा नपरी, स्वतन्त्र रूपमा विस्तृत अध्ययन गरेर निर्णय गर्नु आवश्यक छ । विद्यालय सधैं उत्कृष्ट हुनुपर्छ भन्ने होइन, तर त्यो विद्यालय तपाईंको बच्चाको स्वभाव, रूचि, क्षमता र आवश्यकतासँग मेल खाने हुनुपर्छ । बालबालिकाले गरेर सिक्ने बालमैत्री वातावरण भएको हुनुपर्दछ । आजभोलिको समयमा विद्यालयको विज्ञापन, प्रचार, चम्किलो भवन, सामाजिक सञ्जालमा देखिने तामझाम र 'ब्रान्ड' नामले धेरै अभिभावक भ्रमित बनिरहेका छन् । बालबालिकाको उज्ज्वल भविष्यको सपना देखेर धेरै अभिभावक महँगो शुल्क तिरेर यस्ता विद्यालयमा सन्तानलाई भर्ना गर्छन्, तर के साँच्चिकै ती विद्यालयले शिक्षा दिन्छन् त ? कि केवल बाहिरी आकर्षणले भरिएका छन् ?

के तपाईंहरूले सही विद्यालयको छनोट गर्नुभयो त ?

*(लेखक खड्का अक्षरा स्कूल काँडाघारी, काठमाडौंमा अध्यापनरत छिन् ।)*

# चिनीको सट्टा 'भेली': स्वास्थ्यको लागि फाइदाजनक छ?

हामीलाई सबैभन्दा मनपर्ने स्वाद सोध्यो भने कमै मात्रको जवाफ गुलियो नआउँला। हामी सबै जना गुलियो भनेपछि हुरुक्कै हुन्छौं। सजिलै उपलब्ध भएको अनि सबैको भान्सामा पाइने चिनी हाम्रो गुलियोको बलियो श्रोत बनेको छ। यधपि धेरैले यो चिनी हाम्रो स्वास्थ्यको लागि अत्यन्तै हानिकारक छ भनेर बुझिसकेका भने छौं ।

चिनी नखाने भन्ने बित्तिकै हाम्रो दिमागमा एउटा प्रश्न आउँछ चिनीको सट्टा के खाने त ? हामीले देखेका अनेकौं विकल्पहरू मध्येको एक हो भेली । नेपाली बजारमा सहजै पाउन सकिने भेलीलाई मानिसहरू चिनीको विकल्पको रूपमा निर्धक्क प्रयोग गरेको पाइन्छ। त्यसैले अलिकति यसको बारेमा केहि चर्चा गर्नु आवश्यक छ।

### के भेली स्वास्थ्यको लागि फाइदाजनक छ त ?

भेली नेपाली समाजमा सदियौंदेखि विविध रूपमा प्रयोग हुँदै आइरहेको पदार्थ हो । विशेषगरी नेपाल तथा भारतमा अत्याधिक रूपमा पाइने भेलीमा कार्बोहाइड्रेट बाहेक पनि विभिन्न पोषण तत्त्वहरू पाउन सकिन्छ। जसमध्ये मुख्य आइरन, म्याग्नेसियम, पोटासियम, फोस्फोरस, सोडिएम, जिंक, क्लोराइड रहेका छन् भने विभिन्न भिटामिनहरू जस्तै भिटामिन ए, विविध भिटामिन बी का प्रकारहरू, भिटामिन सी तथा भिटामिन इ समेत पाइन्छ । यसका अतिरिक्त भेलिमा केहि मात्रामा प्रोटिन समेत पाइने कुरा बिभिन्न अध्ययनहरूमा पाउन सकिन्छ।

माथी उल्लेख गरिएका सम्पूर्ण पोषण तत्वहरू मानव शरीरका लागि नभई नहुने अत्यावश्यक तत्वहरू हुन् जो भेलीमा हामीले पाउन सक्छौं। तर यतिले मात्र हामी यो निर्क्यौल गर्न सक्दैनौ कि भेली हाम्रो स्वास्थ्यको लागि फाइदाजनक छ। त्यसैले यसको उत्तर "हो" अथवा "होइन" मा भन्दापनि केहि विश्लेषण गरेर दिनुपर्ने हुन्छ ।

माथि भनिएका तत्वहरू भेलीमा पाउने कुरामा दुइमत छैन तर कति मात्रामा पाउने अथवा त्यी तत्वहरू पाउनको लागि कति भेली खानुपर्ने भन्ने कुराले निर्धारण गर्छ यसको आवश्यकता तथा महत्व ।

सामान्य मानिसलाई दैनिक जीवनमा माथी उल्लेखित तत्वहरूको फरक फरक मात्रा आवश्यक पर्दछ। तर भेलीमा उक्त तत्वहरू नगन्य मात्रामा पाइन्छन् । अझै भनौं भेलीबाट पोषणतत्त्वहरू पर्याप्त मात्रामा पाउनको लागि हामीले धेरै भेलीको सेवन गर्नुपर्ने हुन्छ जुन अन्य खानाको स्रोतबाट सहजै पाउन सकिन्छ । उदाहरणको लागि यसरी बुझ्न सकिन्छ : एक सामान्य वयस्क पुरूषलाइ लगभग ८ मिलिग्राम आइरन बाहिरी स्रोत (विभिन्न खाने कुराहरू) बाट चाहिन्छ। यदि भेलीलाई उक्त स्रोतको रूपमा लिने हो भने लगभग १०० ग्राम भेलीमा उल्लेखित मात्रामा आइरन पाउन सकिन्छ। तर हामीले चिनीको सट्टा प्रयोग गर्ने भेलीको मात्रामा हिसाब गर्दा एक चिया चम्चा भेलीमा लगभग ०.७५ मिलिग्राम मात्र आइरन पाउन सकिन्छ जुन अत्यन्तै नगन्य हुन जान्छ ।

अर्कोतिर धेरै भेलीको सेवन गर्दा यसका नकारात्मक असरहरू धेरै छन् किनभने भेली र चिनीले हामीलाई दिने क्यालोरीमा खासै अन्तर छैन । आइरन जसरी नै अन्य तत्त्वहरूलाइ पनि यसरी नै तुलना गरेर हेर्दा भेलीबाट हामीले पाउने फाइदा अत्यन्तै नगन्य छ। त्यसैले माथि "भेलीमा पाइने" भनिएका तत्त्वहरू सन्तुलित रूपमा हामीले खाने फलफुल तथा तरकारीहरूमा सजिलोसँग पाउन सकिन्छ। कुनैपनि पोषण विशेषज्ञले उल्लेखित तत्त्वहरूको लागि प्रमुख श्रोतको रूपमा भेली सेवन गर्ने सल्लाह दिनुभएको पाइदैन ।

अब फेरी घुमेर पुरानै प्रश्नमा पुगौं। के भेली खानु ठिक छ? यो प्रश्नलाई दुई पाटोबाट उत्तर दिनुपर्ने हुन्छ। यदि तपाईँ चिनीलाई भेलीले प्रतिस्थापन गर्नुहुन्छ भने यसमा कुनै शंका छैन भेली चिनी भन्दा सबै तुलनामा उत्कृष्ट हुन सक्छ। स्वास्थ्यमा फाइदा गर्छ भन्ने मनशाय र ाखेर भेली सेवन गर्नुहुन्छ भने भेली खानु ठिक कदापी छैन । अझै क्लियर कट शब्दमा कम हानिकारक हुनुमा फाइदा देख्नुहुन्छ भने भेलीले चिनीको तुलनामा फाइदा गर्छ तर कसैसँग तुलना नगरी एक्लो भेलीको मात्र कुरा गर्दा भेली पनि फाइदाजनक छैन ।

# अर्काको रुपरंग हेरेर खिल्ली उडाउने मनोवृत्ति



हातको पाँचै औँला बराबर कसैको पनि हुँदैनन् । बराबर नभए पनि हरेक औँला आवश्यक र महत्वपूर्ण छ । त्यसैगरी, हरेक व्यक्ति आफ्नो गुण र महत्त्वपूर्ण हुन्छ । चाहे उसको रूप, उचाइ वा शरीर जस्तोसुकै किन नहोस् । आजभोलि पातलो, गोरो र अग्लो हुनु एक आदर्श व्यक्तित्वको पहिचान बनेको छ । यदि कसैमा यी मध्ये कुनै पनि गुण छैन भने उसलाई नकारात्मक रूपमा हेर्ने, मजाक उडाउने र अनेक टिप्पणी गर्ने गरिन्छ । मजाकका लागि भनिए पनि ती शब्दहरूले अर्को व्यक्तिको भित्री मनमा केही न केही चोट पुऱ्याउँछन् । उसको शारीरिक अवस्था तथा अवस्थाको बारेमा गरिने टिप्पणीले व्यक्तिलाई निरा र हतोत्साही बनाउन सक्छ ।

ती खिल्ली उडाउने शब्दहरूले उसको मनोबललाई प्रत्यक्ष-अप्रत्यक्ष धेरै असर गर्छ । कतिपय अवस्थामा उसको सम्पूर्ण व्यवहार नै परिवर्तन हुन्छ । सोच्नुपर्ने कुरा के छ भने यदि कोही कालो रङ छ, उचाइ कम वा औषत भन्दा बढी छ वा शरीरको बनावट अरूभन्दा फरक छ भने त्यसमा गलत के छ ? उनीहरूको उपस्थिति हुँदा फरक देखिन्छ भने यो विशिष्ट विशेषता हो । सुन्दरताको कुनै एउटै मापदण्ड हुँदैन । हरेक व्यक्तिमा आ-आफ्नै अनौठो सुन्दरता लुकेको हुन्छ । यो कुरा हामी सबैले बुझ्नु आवश्यक छ ।

सुन्दा सामान्य लाग्ने तर गहिरो धक्का दिने केही यस्तै वाक्यांशहरू छन् ।

- तिमी धेरै सानो छौँ, तिमी त बच्चा जस्तै देखिन्छौं ।
- अँध्यारोमा पनि नदेखिने तिमी कति कालो हो ?
- शरीरमा हड्डी मात्र छ, हावामा नजाउ, उडाउला !
- ओ, हात्ती कहाँ जाँदैछौँ ?

यस्ता सामान्य लाग्ने भद्धा मजाकले उनीहरू बाहिर हेर्दा सामान्य देखिए पनि दिमागलाई कमजोर बनाउँछ ।

### के हुन्छ ?

- बाह्य व्यक्तित्वमा मात्र ध्यान केन्द्रित गरी यस्तो टिप्पणी गर्दा उनीहरूलाई यसले असुरक्षा र आत्म-विश्वासको कमीको भावना पैदा गर्छ ।
- यस्ता टिप्पणीहरूले भावनात्मक जटिलताहरू निम्त्याउन सक्छन् जसले व्यक्तिको आत्म-सम्मान र व्यवहारमा नकारात्मक असर पार्छ ।
- समयसँगै यस्ता पटक-पटक हुने मूल्याङ्कनहरूले चिन्ता, सामाजिकरूपमा एक्लोपन र विभिन्न परिस्थितिहरूमा व्यक्तिको आत्मविश्वासलाई पनि असर गर्न सक्छ । उनीहरू विस्तारै खुल्न छोड्छन् ।
- जब कसैलाई उसको उपस्थितिको आधारमा होच्याइन्छ, उसमा निरन्तर तनाव र भावनात्मक पीडा महसुस हुनसक्छ । उसलाई भिडभाड देखि डर लाग्न थाल्छ ।
- उसको आत्मविश्वास घट्न सक्छ र उसले आफ्नो लक्ष्यहरू प्राप्त गर्न सक्दिन भन्ने भावना उत्पन्न हुन सक्छ ।
- ऊ बोल्दा वा हिँड्दा बिनाकारण सतर्क रहन्छ । छिटो हिँड्ने, अक्मक्काउने, नर्भस हुने, अनुहार रातो हुने र हेर्दै उसको व्यवहार अनौठो देखिने हुन्छ । यसले व्यवहारमा परिवर्तन ल्याउन सक्छ । यो हावी हुँदै गएमा कि बढी आक्रामक वा कि बढी रक्षात्मक बन्ने भय रहन्छ ।
-यस्ता टिप्पणीहरू सुनेपछि, केही मानिसहरू डिप्रेसन र चिन्ताको शिकार हुन्छन् र गलत कदम पनि चाल्न सक्छन् ।

### यस्तो व्यवहारलाई मनमा नलिनु जाति

सबैको मुख बन्द गर्न सकिँदैन । विवेकशील र सचेत व्यक्तिले यस्तो होच्याउने व्यवहार पनि गर्दैनन् । अज्ञानले भरिएको व्यक्तिको टिप्णीलाई वास्ता गर्नुको साटो आफूलाई पूर्णरूपमा स्वीकार गर्नुपर्छ । किनकी, उनीहरूको विचार तपाईंको वास्तविक पहिचान होइन ।

पहिला आफैँले सबैको शरीर फरक हुन्छ । हाम्रा गुणहरू हाम्रो शारीरिक रूपभन्दा धेरै महत्त्वपूर्ण हुन्छन् भन्ने हेक्का राख्नु पर्छ । मनोबल, क्षमता र रचनात्मकता जस्ता आफ्ना गुणहरूमा ध्यान केन्द्रित गर्नुपर्छ । अरूको टिप्पणीबाट आफ्नो आत्म-मूल्य प्रभावित हुन हुँदैन । हरेक कदम आत्मविश्वासका साथ चाल्नुपर्छ ।

यद्यपि, केही मानिसहरू हार मान्दैनन् । असहज महसुस गराउने त्यस्ता व्यक्तिहरूबाट टाढा रहनु राम्रो हुन्छ । सकारात्मक र प्रेरणादायी मानिसहरूको जमघटमा बस्नु उपयुक्त हुन्छ । कला, खेलकुद आदि जस्ता खुसी दिने गतिविधिहरूमा भाग लिनुहोस् । यसले मनलाई शान्त राख्ने मात्र होइन, शारीरिक र मानसिक स्वास्थ्य दुवैमा सकारात्मक प्रभाव पार्नेछ । अनेकौं गलत विचारले दिमाग घेर्ने समय पनि हुँदैन ।

### हामीले आफूलाई हेर्नुपर्छ...

हामी प्रायः जानाजानी वा अनजानमा अरूको रङ, उचाइ र शरीरको आधारमा मूल्याङ्कन गर्छौं । समय-समयमा हामीले अरूको शारीरिक विशेषताको आधारमा कसरी न्याय गर्छौं भन्ने कुरामा विचार गर्नुपर्छ । यदि हामीले यो महसुस गर्यौं भने, हामी हाम्रो दृष्टिकोण परिवर्तन गर्न र अरूलाई अझ सकारात्मक रूपमा हेर्न सक्षम हुनेछौं । हामीले अरूको बुद्धि, क्षमता र असल गुणहरूमा ध्यान केन्द्रित गर्नुपर्छ, किनकि यी नै वास्तविक गुणहरू हुन् । हामीले उनीहरूको सोच, व्यवहार, क्षमता र कडा परिश्रमलाई महत्व दिनुपर्छ ।

नगरौं विवाहका कुरा:
भएको छैन बीस वर्ष पुरा

बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।




बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।

"सानै छु बढन देउ, विवाह हैन पढन देउ"

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# कैलाशको बैकुण्ठ क्षेत्रमा होमस्टे सञ्चालन गरिने

◆ विकास संवाददाता

मकवानपुर जिल्लाको कैलाश गाउँपालिका-२ स्थित बैकुण्ठ क्षेत्रमा होमस्टे सेवा सञ्चालन गरिने भएको छ । ऐतिहासिक तथा पर्यटकीय सम्भावनाले भरिएको यस क्षेत्रलाई व्यवस्थित ढंगले पर्यटन गन्तव्यको रूपमा विकास गर्ने उद्देश्यसहित होमस्टे सेवा सुरू गर्न लागिएको हो ।

गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तानका अनुसार, उक्त क्षेत्रमा जीपलाइन सेवा सञ्चालनको अन्तिम चरणमा र हेको छ । यस्तै, भौगोलिक विकटता हुँदाहुँदै पनि बैकुण्ठलाई पर्यटक आकर्षणको केन्द्र बनाउने लक्ष्य लिइएको छ । उनले आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गरी खाना र आवास सेवा प्रदान गर्न होमस्टे सुरू गरिन लागेको जानकारी दिए ।

होमस्टे सञ्चालनको तयारीस्वरूप स्थानीयबासीले स्याङ्जाको सिरूबारी, लमजुङको घलेगाउँ र गोरखाको वारपाक लगायतका चर्चित होमस्टे क्षेत्रको स्थलगत अवलोकन गरेका छन् । त्यही क्रममा १७ जना स्थानीयलाई तीन दिने तालिम पनि प्रदान गरिएको छ । तालिममा पाहुनाको स्वागत-सत्कार, घरको सटावट, ऐन/कानून लगायतका विषयमा जानकारी दिइएको थियो। तालिम



चितवनका प्रशिक्षक टिकाराम पौडेलले वडा कार्यालय छ्याङदुङमा सञ्चालन गरेका थिए। गाउँपालिका उद्यम विकास शाखा प्रमुख प्रमिला अर्यालका अनुसार, तालिमपछि सहभागीहरूलाई विभिन्न घरहरूको फिल्ड भिजिट गराइएको थियो ।

कार्यक्रमका लागि गाउँपालिकाबाट तीन लाख रूपैयाँको बजेट विनियोजन गरिएको थियो। अवलोकन र तालिममा वडा अध्यक्ष राजेन्द्र घिसिङ, वडा सचिव नितेशकुमार यादव लगायतको टोली संलग्न थियो । वडाध्यक्ष घिसिङले भने, "हामीले स्थलगत अनुभव प्राप्त गर्यौं, अब आफ्नै स्रोतसाधन प्रयोग गरेर होमस्टे सञ्चालन गर्ने तयारीमा छौं।" बैकुण्ठ क्षेत्र धादिङ, थाहा नगरपालिका र राक्सिराङ गाउँपालिकाको सिमानामा पर्ने स्थान हो, जसले गर्दा विभिन्न स्थानबाट पर्यटक आकर्षण गर्ने सम्भावना उच्च रहेको छ ।

# ७५ वर्षिया ढूलीमायाँको लालपुर्जा पाएपछि खुशी फिर्यो

◆ विकास संवाददाता

मकवानपुर जिल्लाको बकैया गाउँपालिका-७ स्थित भिरकोटका ५९ भूमिहीन सुकुम्वासीले ३१ चैतमा जग्गाधनी लालपुर्जा पाएका छन् । भूमि समस्या समाधान आयोग मकवानपुरको आयोजनामा आयोजित विशेष कार्यक्रममा नेपाल सरकारका भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले उनीहरूलाई लालपुर्जा हस्तान्तरण गर्नुभएको हो।जग्गाधनी पुर्जा प्राप्त गर्नेमा बकैया गाउँपालिका-४ का १९ जना र भूमिहीन सुकुम्बासी ४० जना रहेका छन् ।

आयोगका अनुसार यो वितरण पछिल्लो पटक गठन भएको भूमि समस्या समाधान आयोगमार्फत मकवानपुरमा पहिलोपटक गरिएको हो । आयोगका जिल्ला अध्यक्ष बलराम बलका अनुसार बकैया गाउँपालिकाको समन्वयमा भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई लालपुर्जा वितरण गरिएको हो । भूमिहीन



नागरिकको अधिकार सुनिश्चित गर्न गरिएको यो पहलप्रति स्थानीयवासीहरू खुशी व्यक्त गरेका छन् ।

७५ वर्षपछि लालपुर्जा हातमा परेपछि ढुली माया ब्लोनको अनुहारमा मुस्कान फक्रियो । जीवनको करिब ८ दशक पुग्नै लाग्दा आफूले भोग चलनगर्दै आएको जग्गाको हातमा परेपछि ढुली माया ब्लोनको अनुहारमा मुस्कान फक्रिएको छ । मकवानपुरमा ५९ भूमिहीन सुकुम्बासीलाई जग्गाधनी लालपुर्जा वितरण अन्तर्गत बकैया गाउँपालिका-७ स्थित भीरकोटकी फुलमायाले पनि जीवनको ८ दशक पुग्नै लाग्दा लालपुर्जा हात पारिन् ।

लालपुर्जा पाएपछि उनले आफ्नो जीवनभरको सपना पुरा भएको बताउँदै सरकारलाई धन्यवाद व्यक्त गरिन् । तीन छोरामध्ये एक विदेश गएका १६/१७ वर्ष बित्दासमेत नफर्किएपछि चिन्तित रहँदै आएकी उनी छोरीको घरमा बस्दै आएकी थिइन् । शारीरिक रूपमा अशक्त भएपनि हातमा लालपुर्जा लिएर उनको अनुहारमा खुशी देखिन्थ्यो ।


## कृषि विकास शाखाको अनुदान सम्बन्धी सूचना !

प्रथम पटक सूचना प्रकाशित मिति: २०८१।१२।२५

थाहा नगरपालिका कृषि विकास शाखा ईन्द्रायणी चौर, मकवानपुरको आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत कार्यक्रम अनुसार तपसिलका वर्षे फलफूलको बिरुवाहरु ५० प्रतिशत अनुदानमा वितरण गर्ने कार्यक्रम रहेकोले थाहा नगरपालिका भित्रका इच्छुक कृषक, कृषक समुह, कृषि सहकारी र कृषि फर्म हरुले यो सूचना प्रकाशित मितिले ३० दिन भित्रमा बिरुवाको माग र रकम सहित यस शाखामा सम्पर्क राख्न हुनका लागि सूचित गरिन्छ ।

**तपसिल:**

| सि.नं. | बिरुवाको नाम | परल मूल्य अनुमानित | अनुदानित मूल्य ५०% | कैफियत |
|---|---|---|---|---|
| १. | कागती बिजु | रु.५०/- | रु.२५ /- | दर रेट घट बढ भए दिने/लिने |
| २. | सुन्तला कलमी | रु.१२० /- | रु.६० /- | |
| ३. | एभोकाडो | रु.१०० /- | रु.५० /- | |

**आवश्यक कागजातहरू:**

१. निवेदन- १ प्रति लेटरहेडमा (अध्यक्ष वा प्रोपाइटरको नाम, मोबाइल नम्बर र समुह/सहकारी/फर्मको पान नं. अनिवार्य)
२. कृषक समुह/कृषि सहकारी/कृषि फर्मको दर्ता प्रमाणपत्रको दुवैतिर देखिने गरी र इच्छुक कृषकको लागि नागरिकताको प्रतिलिपि-१ प्रति
३. कृषक समुह/कृषि सहकारीको बैठकको निर्णय प्रतिलिपि १ प्रति
४. कर चुक्ता प्रमाणपत्र प्रतिलिपि १ प्रति ।

**अन्य जानकारीको लागि:** मो.नं. ९८४५१०३३४१/९८४५०७२२०० वा इमेल: adsthahamun@gmail.com मा सम्पर्क गर्न सकिने छ ।

थाहा नगरपालिका
कृषि विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर


# मनहरी गाउँपालिकाले बनायो ८ वर्षमा ५ वटा पक्की पुल

◆ विकास संवाददाता

संघीयता लागु भएपछि स्थानीय तह आफैँले विकास निर्माणका काम अघि बढाउन सक्छन् भन्ने प्रमाण मकवानपुरको एक स्थानीय तहले पुष्टि गरिदिएको छ । मनहरी गाउँपालिकाले संघ र प्रदेश सरकारको लगानीबिनै पाँच वटा पक्की पुल निर्माण गरेर स्थानीयको मन जितेको हो । अघिल्लो सरकारकै पालामा सुरू भएका पाँच वटा पक्की पुलमध्ये गत आर्थिक वर्षमा तीन वटा र यस आवमा एउटा पुल निर्माण सम्पन्न भएको छ । एउटा पुल आगामी वैशाख मसान्तसम्ममा निर्माण सम्पन्न हुने गरी काम अघि बढिरहेको मनहरी गाउँपालिकाको भौतिक पूर्वाधार शाखाले जानकारी दिएको छ ।

गत आर्थिक वर्षमा मनहरी गाउँपालिका-३ र ४ जोड्ने ट्वाङ्ग्राखोला पुल र मसिनेखोला पुल निर्माण सम्पन्न भएको थियो । त्यसै गरी वडा नं. १ र २ जोड्ने च्यापलखोला पुल पनि गत आवमै निर्माण सम्पन्न भइसकेको छ । चालु आव २०८१/८२ को कात्तिक मसान्तमै वडा नं. ३ स्थित ठाडोखोला पुल निर्माण भइसकेको मनहरी गाउँपालिका प्राविधिक शाखाका सबइन्जिनियर टुकराज चौधरीले जानकारी दिए । उनका अनुसार वडा नं. ३ मै रहेको हाँडीखोलामा निर्माणाधीन पुल पनि आगामी २०८२ वैशाख मसान्तसम्ममा सम्पन्न हुने गरी धमाधम काम भइरहेको छ । गाउँपालिकाले दिएको जानकारी अनुसार हाल निर्माणाधीन हाँडीखोला पुलको लम्बाइ ३५ मिटर र एक स्पानको रहेको छ । कुल पाँच करोड ३५ लाख ५१ हजार ५२५ रूपियाँ लागतमा भैरवनारायण ज्ञानेश जेभी निर्माण कम्पनीले पुल निर्माणको काम गरिरहेको छ । चालु आर्थिक वर्षको कात्तिक मसान्तमा सम्पन्न भएको वडा नं. ३ को ठाडोखोलाको पक्की पुल तीन स्पान रहेको र ९० मिटर लामो रहेको छ ।

त्यसैगरी अघिल्लो आवमा निर्माण भएका मनहरी-३ र ४ जोड्ने मसिने खोला पुल दुई स्पानको ७० मिटर लामो रहेको छ भने सोही वडा जोड्ने ट्वङ्ग्राखोला पुल दुई स्पानको ६० मिटर रहेको गाउँपालिकाले जनाएको छ । वडा नं १ र २ जोड्ने च्यापलखोलामा बनेको पुल तीन स्पानमा ९० मिटर लामो रहेको सबइन्जिनियर चौधरीले जानकारी दिए ।

गाउँपालिकाले आफ्नै आन्तरिक स्रोत प्रयोग गरी पुल निर्माण गरेको हो । स्थानीय सरकारको अघिल्लो नेतृत्वले सुरू गरेका पाँच वटा पक्की पुल निर्माण हुँदा ३४ करोड रूपियाँ लगानी रहेको छ । आर्थिक वर्ष २०७७/७८ बाट पुल निर्माण प्रक्रिया सुरू गरिएको थियो । चार वर्षको अवधिमा सबै पक्की पुल निर्माण गरी गाउँपालिकालाई बलियो भौतिक संरचनायुक्त बनाइएको अध्यक्ष रञ्जन कालाखेतीले बताए ।

# पालुङ बहुउद्देश्यीयले संरक्षित पूँजी फिर्ता कोष बाँड्यो

◆ विकास संवाददाता

मकवानपुर थाहामा अवस्थित पालुङ बहुउद्देश्यीय सहकारी संस्थाले संरक्षित पूँजी फिर्ता कोषको ५९ लाख रकम सदस्यलाई बाँडफाँड गरेको छ । पालुङ बहुउद्देश्यीय सहकारी संस्थाले आर्थिक वर्ष २०८०/०८१ को नाफाबाट सहकारी ऐन २०७४ को दफा ६९ अनुसार छुटएको रू ५९ लाख रूपैयाँ सहकारी नियमावली २०७५ को दफा २५ अनुसार सदस्यहरूलाई उपलब्ध गराईएको हो ।

सदस्यको वार्षिक बचत तथा कर्जा कारोवारको आधारमा यो रकम सदस्यहरूलाई भुक्तानी गरिएको सहकारीका अध्यक्ष कृष्ण बहादुर बिष्टले बताए । जस अन्तर्गत एकल सदस्यले बचतमा रू ४३ हजार ५ सय भन्दा माथि र कर्जा तर्फ रू ५६ हजार २ सय भन्दा माथि प्राप्त गरेका छन् ।

संस्थाले यस अगाडिनै शेयर लाभांश उपलब्ध गराएको थियो । बैक तथा वित्तिय संस्थाको कारोवारमा यस्तो रकम फिर्ता नपाईने र सहकारी संस्थाको कारोवार को सुन्दरतानै नाफा शेयर सदस्यहरूलाई मात्र लाभ नभई कारोवार गर्ने सदस्यहरूलाई पनि लाभ प्राप्त गर्ने व्यहोरा संस्थाका सहव्यवस्थापक रामप्रासद ढकालले बताए ।


अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN•FLEX PRINT•PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# मैत्रीपूर्ण ब्याडमिन्टन प्रतियोगिताको उपाधी नबिन र बिमलको टिमलाई




◆ विकास संवाददाता

नव वर्ष २०८२ को अवसरमा थाहा नगरस्तरीय मैत्रीपुर्ण ब्याडमिन्टन प्रतियोगिता भएको छ । ३० चैतमा थाहानगरको क्याम्पाडाँडा स्थित कबर्डहलमा नव वर्षको शुभकामनासहित भएको प्रतियोगितामा नबिन रायमाझी र बिमल विष्टको टिम विजयी भएको छ ।

प्रतियोगितामा सुभाष थापा र संग्राम खत्रीको टिम दोस्रो र राजकुमार खड्का तथा मधुसुदन चौधरीको टिम तेस्रो भएका छन् । शिखर क्लब र थाहानगर ब्याडमिन्टन संघको संयुक्त आयोजनामा भएको मैत्रीपूर्ण प्रतियोगिताको संयोजक सुशान्त श्रेष्ठ (च्याङ) रहेका थिए ।

विजयी खेलाडीहरूले प्रमाणपत्रसहित ट्रफी तथा मेडल पुरस्कार पाएका छन् । प्रतियोगिता पश्चात् भएको पुरस्कार वितरण समारोहमा पहिलो पुरस्कार कृषि विकास बैंक पालुङ शाखाका प्रबन्धक घनश्याम श्रेष्ठ, दोस्रो पुरस्कार इलाका प्रहरी कार्यालय पालुङ्का प्रमुख सविन बाबु अर्याल र तृतीय पुरस्कार नेपाल बैंक लिमिटेड चित्लाङ्का प्रबन्धक रोशन तिवारीले वितरण गरेका थिए ।

खेलाडी तथा स्थानीय संघसंस्थाका प्रतिनीधिहरूबीच शुभकामना आर्दान प्रदानसहित भएको मैत्री पूर्ण प्रतियोगितामा थाहानगरका ८ वटा टिमको सहभागिता रहेको संयोजक श्रेष्ठले जानकारी दिए ।

# घरैपिच्छे धारा ... . .

गरे । थाहानगर खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष समेत रहेका विष्टले नगरका सबै खानेपानी आयोजनाहरूलाई एकीकृत रूपमा सञ्चालन व्यवस्थापनको प्रबन्ध मिलाउने बतााए । 'आयोजनाको निर्माण सम्पन्न मात्र ठूलो कुरा भएको बताउँदै यसको दीगो व्यवस्थापन चुनौतिपूर्ण रहेको छ'– बोर्डका अध्यक्ष विष्टले थपे–'यसका लागि खानेपानी व्यवस्थापन बोर्ड मार्फत प्रविधि र व्यवस्थापकीय सहयोग हुन्छ, च्वाइस र रोटरी जस्ता सहयोगी संस्था हामीसंगै हुनु हुनेछ ।'

च्वाइस नेपालका कन्ट्री डाइरेक्टर प्रतीक शर्माले दामगाडेमा खानेपानी संकट टार्न आफ्नो संस्थाकोतर्फबाट सहयोग भएको भएपनि परियोजनामा उपभोक्ताको लगानी र लगावको उच्च प्रशंसा गरे । पहिलो जनप्रतिनीधिकै पालामा सम्झौता गरी अघि बढाइएको परियोजना सम्पन्न गर्नका लागि समुदायसंगै, रोटरी क्लब अफ काठमाण्डौं, थाहा नगरपालिका, वडा कार्यालय सबैको सहयोगमा सफल भएको बताउँदै संयुक्त सहकार्यबाटै उपलब्धी हासिल भएकोमा खुशी व्यक्त गरे । च्वाइस नेपालले हाल देशका २५ स्थानीय सरकारसंग सहकार्य गर्दै काम गरीरहेको उल्लेख गर्दै दामगाडेमा अरू थप परियोजनाहरू पनि सञ्चालन गर्ने शर्माले



बताए । 'खानेपानीका आयोजनाको स्टोर भवन, ममर्तसंभार तालिम र केही आयआर्जनका कार्यक्रमहरू पनि हाम्रो योजनामा छन्' शर्माले भने–'सहयोगी रोटरीलाई अनुरोध गरेका छौं, सहयोग आए त्यसबाट कार्यक्रम गर्छौं, नत्र च्वाइसले गर्छ, ढुक्क हुनुस्, खानेपानी आयोजना उद्घाटन गर्ने वित्तिकै च्वाइस चटक्कै छोडेर जाँदैन ।' च्वाइस नेपालले थाहा नगरपालिकामा विगत १० वर्षदेखि साँझेदार संस्थाको रूपमा काम गर्दै आइरहेको छ ।

रोटरी क्लब अफ काठमाण्डौं मेट्रोका पास्ट डिस्ट्रिक गभर्नर राजीव पोख्रेलले रोटरियनहरूले गरेको सामाजिक कामको लागि गरेको योगदान दामगाडेमा साँच्चै प्रभावकारी भएको बताउँदै दशकौदेखि घ्याम्पोमा जम्मा गरेर फारो गरी पानी खानुपर्ने दिनको अन्त्य भएकोमा खुशी व्यक्त गरे । अन्तराष्ट्रिय संस्था रोटरीमा व्यक्तिले सामाजिक काम गर्नकै लागि दिने अनुदानबाट समुदायको व्यक्तिहरूमा चमक आउँदा दाताहरू आनन्दित हुने उनको भनाइ थियो । पोखेलले राजधानीबाट नजिक भएर पनि निकै दुःखमा संघर्ष गरिरहेका गाउँलेहरूलाई आफ्नो संस्थाको तर्फबाट सहयोग हुने प्रतिवद्धता जनाए । थाहा नगरपालिका वडा नम्बर ८ का वडाध्यक्ष हेम कुमार थिङले दाताहरूको सहयोगमा वडाकै ठूलो योजना सम्पन्न गर्न सहयोग मिलेकोमा खुशी व्यक्त गरे । च्वाइस, रोटरीलगायतको संस्थाले वडा नम्बर ८ लाई हेर्ने दृष्टिकोण सकारात्मक बनाएकोमा खुशी व्यक्त गर्दै नागरिकसंग जोडिएका विकासे काममा साँधै सहयाकार्य हुने उनको प्रतिवद्धता थियो । नगरपालिकाका प्रमुख उपप्रमुखलगायत पनि आग्राको विकासमा सँधै सकारात्मक देखिएकोमा प्रशंसा गर्दै गैरसरकारी संस्थाहरू, पालिका र वडाको संयुक्त सहकार्यबाटै ८ नम्बर वडाको सम्वृद्धि हुने थिङले विश्वास गरे ।

कार्यक्रमको अवसरमा च्वाइस नेपाल, रोटरी क्लबलाई नगरपालिकाले दोसल्लासहित सम्मान गरेको थियो । कार्यक्रममा रोटरी क्लबलका पोख्रेल, पास्ट प्रेसिडेन्ट सशी सत्याललगायतलाई नगर प्रमुख विष्टले सम्मान गरेका हुन् । त्यस्तै वडा कार्यालयले नगरपालिकाका प्रमुख उपप्रमुख प्रमुख प्रशासकीय अधिकृतलगायतलाई सम्मान गरिएको थियो । सो अवसरमा उपभोक्ता समितिको कामको उच्च मूल्याङ्कनसहित अध्यक्ष मान बहादुर पाख्रिन, च्वाइस नेपालका प्राविधिक सुवास मरहट्टालाई पनि दोसल्ला ओडाएर सम्मान गरिएको थियो ।

यसैबीच दामगाडे खानेपानी तथा सरसफाई परियोजनालाई उद्घाटन समारोहकै अवसरमा थाहानगर खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण गरिएको छ । अब उक्त आयोजना बोर्डको ऐन अनुसार सञ्चालन तथा व्यवस्थापन हुने भएको छ । वडा नम्बर ८ की वडा सदस्य कान्छीमायाँ वाइवाले स्वागत गरेको कार्यक्रममा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपाली, वरिष्ठ इन्जिनियर विनायक शर्मा, प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधान, च्वाइस नेपालका कार्यक्रम निर्देशक किरण न्यौपाने, भिटिङ्गल जिसी, जिल्ला कार्यक्रम संयोजक सुकराम दुलाल, इन्जिनियर प्रकाश बास्तोला, पालुङ्का प्रताप घिमिरे, सुवास मरहट्टा, वडा सदस्य बद्री थापा, स्थानीय समाजसेवी अरण रायमाझी, विद्युत प्राधिकरण पालुङ्का राजु पोखर लगायतकाको आतिथ्यता रहेको थियो ।


## थाहा नगरपालिकालाई नमुना बनाउन हातेमालो गरौं ।

- जन्म, मृत्यु, बिवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनासमयमै दर्ता गरौं ।
- खानेपानिका मुहान, संरचनाहरु सफा र सुरक्षित राखौं, आगलागि तथा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपमा सावधानी अपनाऔं ।
- नगरपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका व्यापार व्यवसाय नगरपालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- बालश्रम, बालबिवाह रोकौं, निर्णायकमा बालबालिका सहभागीता थपौं ।
- बालवालिकाको पालपोशण र शिक्षामा लगानि गरौं ।
- समयमै कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- हरेक बालवालिकाले शिक्षा पाउनु उनिहरको नैसर्गिक अधिकार हो, त्यसैले बिघालय भर्ना गर्न उमेर पुगेका आफना नानिबाबुहरुलाई समयमै विघालय पठाऔं ।
- नगरपालिकालाई बालमैत्रि बनाउने अभियानमा सहभागी बनौं ।
- छोराछोरीमा भेदभाव नगरौं, सबै बालबालिकालाई विघालय पठाऔं ।
- घरेलु हिंसा विरुद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग गरौं ।
- नियमित रुपमा लगाउनुपर्ने खोपहरु स्वास्थ्यसस्थामा बच्चालाई लिई समयमै खोप लगाई बाल मृत्यूदर घटाऔं ।
- आ-आफ्नो घर वरिपरि आफै सफा सुग्घर गरौं । स्वच्छ र शान्त वातावरण कायम गरौं ।
- प्रत्येक घरधुरि, संघसस्था, सार्वजनिक स्थानहरुमा चर्पि निर्माण गरी चर्पीमा मात्र दिसापिसाव गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



## कृषि विकास शाखाको सूचना !

सूचना प्रकाशति मिति:२०८१/१२/२५

यस थाहा नगरपालिका कृषि विकास शाखा ईन्द्रायणी चौर मकवानपुरको आर्थिक वर्ष २०८१/०८२ स्वीकृत वार्षिक कार्यक्रम अनुसार ५०% अनुदानमा हाइब्रिड धानको बीउ वितरण कार्यक्रम रहेकोले थाहा नगरपालिका भित्रका इच्छुक कृषक समुह, कृषि सहकारी र कृषि फर्महरुले यो सूचना प्रकाशित मितिले १५ दिन भित्र तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यस कार्यालयमा निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरू:**

१. निवेदन- १ प्रति लेटरहेडमा (अध्यक्ष वा प्रोपाइटरको नाम, मोबाइल नम्बर र समुह/सहकारी/फर्मको पान नं. अनिवार्य)
२. कृषक समुह/कृषि सहकारी/कृषि फर्मको दर्ता प्रमाणपत्रको दुवैतिर देखिने गरी प्रतिलिपि - १ प्रति
३. कृषक समुह/कृषि सहकारीको बैठकको निर्णय प्रतिलिपि १ प्रति
४. कर चुक्ता प्रमाणपत्र प्रतिलिपि १ प्रति
५. पान दर्ता प्रमाणपत्रको प्रतिलिपि १ प्रति

नोट : म्याद नाघी आएका र रित नपुगेका निवेदनलाई यस कार्यक्रममा समावेश गरिने छैन ।

अन्य जानकारीको लागि: मोबाइल नम्बर ९८४५१०३३४१ र ९८४५०७२२०० वा इमेल adsthahamun@gmail.com मा सम्पर्क गर्न सकिने छ ।

थाहा नगरपालिका
कृषि विकास शाखा
इन्द्रायणी चौर मकवानपुर





समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
www.bikaskhabar.com
bikaskhabar@gmail.com

# सामुदायिक विद्यालयमा सरकारी प्रकाशनका अंग्रेजी पुस्तक मात्र लागू गर्न निर्देशन

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाले नगरभित्रका अंग्रेजी माध्यमबाट पढाइ हुने सामुदायिक विद्यालयमा सरकारी प्रकाशनका अंग्रेजी पुस्तक मात्र लागू गर्न निर्देशन दिएको छ । उपमहानगरपालिकाको आइतबार बसेको ६३औं कार्यपालिका बैठकले सामुदायिक विद्यालयलाई सरकारी प्रकाशनको अंग्रेजी पुस्तक मात्र लागू गर्न निर्देशन दिने निर्णय गरेको हो । निजी प्रकाशनका अंग्रेजी पुस्तकको मूल्यमा एकरूपता नभएको, विद्यालयहरूमा पुस्तक लगाउन अस्वाभाविक प्रतिस्पर्धा चलेको र सरकारी प्रकाशनका अंग्रेजी पुस्तकको प्रभावकारिता राम्रो देखिएकाले यो निर्णय लिनु परेको कार्यपालिकाका एक सदस्यले बताए ।

हेटौंडा उपमहानगरभित्र ७० वटा सामुदायिक विद्यालय र ५२ वटा संस्थागत विद्यालय छन्, जसमा ५८ हजार बढी विद्यार्थीहरूले अध्ययन गरिरहेको उपमहानगरका शिक्षा अधिकृत हरिशचन्द्र सापकोटाले बताए । हेटौंडाका भुटनदेवी मावि, आधुनिक राष्ट्रिय मावि, बालज्योति, सिद्धार्थ, प्रगति, श्रमिक, वंशगोपाल, त्रिभुवन, जनप्रिय, ज्योति माविलगायतका एक दर्जन विद्यालयले अंग्रेजी माध्यममा पढाउँदै आएका छन् ।

यस्तै, विद्यालयले ड्रेस कोड (पोशाक) ५ वर्षसम्म परिवर्तन गर्न नपाइने निर्णय पनि कार्यपालिका बैठकले गरेको उपमहानगरका प्रवक्ता सविन न्यौपानेले जानकारी दिए । 'विद्यार्थीको ड्रेसको रंग एकपटक निर्धारण भएपछि कम्तीमा ५ वर्षसम्म परिवर्तन गर्न नपाइने, सकभर नेपाली उत्पादनलाई जोड दिने र एक विद्यालयमा अंग्रेजी तथा नेपाली भाषामा अध्यापन गरेको भएता पनि एकै प्रकारको मात्र ड्रेस कोड प्रयोग गर्नु पर्नेछ', उनले भने । कार्यपालिकाले बैठकले शिक्षक दरबन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापनका लागि कार्यविधि बनाउने निर्णय गरेको छ । कार्यविधिको मस्यौदा तर्जुमाका लागि कार्यदल गठन गर्ने निर्णय गरेको छ । चालु आर्थिक वर्ष २०८१/८२ मा व्यवस्था गरिएको दुई वा दुईभन्दा बढी विद्यालय गाभिएका वा समायोजन भएका स्थानमा आवासीय विद्यालय संचालनका लागि अनुदान दिने निर्णय गरेको छ ।

जनप्रिय माध्यमिक विद्यालय हटियालाई ५ लाख र निर्मल मावि बस्तीपुरलाई ५ लाख अनुदान उपलब्ध गराइने प्रवक्ता न्यौपानेले जानकारी दिए । यसैगरी, चालु आवको २८ चैतसम्म उपमहानगर पालिकाले संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त अनुदान र आन्तरिक स्रोत ५५ दशमलव ९८ प्रतिशत अर्थात १ अर्ब ५९ करोड २२ लाख ५० हजार ५७२ रूपैयाँ आम्दानी गरिएको जनाएको छ ।

४२ दशमलव २३ प्रतिशत अर्थात ९६ करोड १७ लाख ८२ हजार ६७९ रूपैयाँ खर्च भएको प्रवक्ता न्यौपानेले बताए । कार्यपालिका बैठकले समावेशीकरण नीति तर्जुमा तथा निर्माणका लागि सैद्धान्तिक सहमति प्रदान गर्ने, हेटौंडा उपमहानगर पालिका व्यावसायिक सिप विकास तालिम सञ्चालन कार्यविधि, २०८१ को पहिलो संशोधन स्वीकृत गर्ने निर्णय पनि गरेको छ ।

१२, १३ र १४ का वडा क्षेत्रबाट वर्षाको कारणले गर्दा नदीजन्य पदार्थहरू थुप्रिएर सयौं घर र खेतीयोग्य जमिन क्षति हुने जोखिम बढेकोले नदीजन्य पदार्थ उत्खनन् र संकलनको अनुमतिका लागि पर्सा राष्ट्रिय निकुञ्ज कार्यालयमा अनुरोध गर्ने निर्णय भएको छ ।

# थाहानगरको चेतनशील सहकारी जिल्लकै उत्कृष्ट

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा क्रियाशील चेतनशील महिला बचत तथा ऋण सहकारी संस्था जिल्लाकै 'उत्कृष्ट महिला सहकारी' संस्थाको रूपमा छनौट भएको छ । सामाजिक विकास मन्त्रालय बागमती प्रदेशले प्रदेशको क्षमता विकास, प्रोत्साहन, सहयोग कार्यक्रम अन्तर्गत चेतनशील महिला सहकारीलाई छनौट गरेको हो ।

मन्त्रालयले बागमती प्रदेशको ११ जिल्लाका ११ महिला सहकारीहरू संस्थामा चेतनशील पनि परेको सहकारीका अध्यक्ष शकुन्तला गोपालीले बताइन् । उनले सहकारीलाई यो स्थानमा पुऱ्याउनका लागि सहयोग तथा सहकार्य गर्ने सम्पूर्णमा आभार व्यक्त गरेकी छिन् । उनले भनिन्–'यस संस्थाका सदस्यज्युहरूको साथ र विश्वासले प्राप्त गरेको यो सम्मानको सहि कदर गर्दै भोलिका दिनहरूमा आफ्ना सदस्यहरूको उन्नति प्रगतिमा अझै ऊर्जाका साथ अघि बढ्न सकौं ।'

छनौटसंगै सहकारीले चालू कोषको रूपमा संचालन गर्ने गरी एक लाख रूपैयाँ समेत प्राप्त गरेको छ । चेतनशील यस अघिपनि विभिन्न निकायबाट पुरस्कृत भैसकेको सहकारी संस्था हो ।




## सामाजिक सञ्जालको रचनात्मक प्रयोग गरौं !

– सामाजिक सञ्जालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं,
– सामाजिक सञ्जालमा आउने झूठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ,
– सामाजिक सञ्जालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्न गरौं,
– सामाजिक सञ्जाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौं,
– सामाजिक सञ्जालको अत्यधिक प्रयोगले मानसिक तथा शारीरिक समस्या देखापर्न सक्छ, सतर्क रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी